☎०४४-५५०६७५

नेपाल सरकार

# बर्दिवास नगरपालिका कार्यालय

बर्दिवास, महोत्तरी

पत्र संख्या : प्र.०७३।०७४

च.नं :- 3066

मिति : २०७३।९।११

विषय: नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन मूल्यांकन हुने सम्वन्धमा ।

ईन्जिनियर श्री टेक वहादुर कटुवाल/ सव ईन्जिनियर श्री सन्नी चौधरी/सव ईन्जिनियर श्री तिलक वहादुर कटुवाल/
अमिन श्री मनोज कुमार सिंह, योजना तथा शहरी विकास शाखा र सार्वजनिक निर्माण तथा नक्सा पास ईकाइ शाखा
ना.सु. श्री चन्द्र प्रसाद अधिकारी, क.प्र., सामाजिक विकास, वातावरण, सामाजिक सुरक्षा शाखा तथा पंजिकरण शाखा।
ले.पा.श्री चक्र प्रसाद अधिकारी आर्थिक प्रशासन शाखा
वडा सचिव श्री नारायण वहादुर सेन (सूचना अधिकारी) फोहरमैला व्यवस्थापन, जिन्सी, वडा पंजिकरण शाखा,
वडा सचिव श्र टंकराज काफ्ले/सन्तोष बराल/परशुराम थापा
कम्प्यूटर अप्रेटर श्री अनिता खनाल, कम्प्यूटर, वेवसाईट, फेसबुक अपडेट तथा सुशासन प्रवर्द्धन शाखा
कार्यालय सहायक श्री विनिता दहाल, राजस्व तथा व्यवशाय दर्ता शाखा, रोहित फुयाल, कम्प्यूटर, सूचना केन्द्र
सामाजिक परिचालक श्री सरस्वती काफ्ले, सम्झना तिमल्सिना काफ्ले/शान्ता कार्की/संगीता कार्की थापा
का.स.श्री कुमार भट्टराई, दर्ता चलानी शाखा, का.स/चौकिदार श्री शिव वहादुर हमाल, वैकुण्ठ राज अन्जना देवकोटा चन्द,
पुण्यावती पौडेल, गणेश कुमार महतो, ह.स.चालक श्री निर वहादुर मल्ल, बर्दिवास नगरपालिका कार्यालय, बर्दिवास, महोत्तरी ।

उपर्युक्त सम्वन्धमा स्थानीय निकाय वित्तीय आयोग सचिवालयलबाट यही २०७३ सालको पौष महिनाको ६, ७ र ८ गतेका दिन यस नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन मूल्यांकन भएको व्यहोरा सवैमा जानकारी नै छ। सोही प्रयोजनको जानकारी तथा न्यूनतम शर्त तथा कार्यसम्पादन मापन बारेमा यस कार्यालयका कार्यकारी अधिकृत श्री रामकुमार कार्की र न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यका लागि फोकल पर्सन तोकिएका ना.सु.श्री चन्द्र प्रसाद अधिकारीले न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको परिचय र विकास सम्वन्धमा मिति अभिमुखीकरणमा भएका विषयवस्तु सम्वन्धमा मिति २०७३।८।१५ गतेमा सवै कर्मचारी वीच छलफल तथा अन्तरक्रिया गराई जानकारी गराईएको नै छ भने MCPM मूल्यांकन टोलीबाट समेत यस नगरपालिकाको मूल्यांकन गर्ने सन्दर्भमा MCPM को वारेमा छलफल तथा जानकारी समेत गराउनु भएकै हो। यस आ.व.मा भएको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन मूल्यांकनको नतिजाले यस नगरपालिकाले गर्ने भावी दिनका काममा र नेपाल सरकारबाट प्राप्त हुने पूजीगत अनुदानमा समेत प्रभाव पारी नगरबासीहरुले समेत कर्मचारीबाट भएको कामको मूल्यांकन हुनेछ । तसर्थ यस नगरपालिकालाई न्यूनतम शर्त तथा कार्यसम्पादन मापन मूल्यांकनमा अब्बल बनाउन सवै कर्मचारीहरुले समयमा नै तोकिएका सूचकहरुमा उतिर्ण हुने गरी ऐन, नियम, निर्देशिका अनुसार तोकिएका कार्यहरु सम्पन्न गर्नु पर्ने हुन्छ, यसको लागि आ-आफुलाई तोकिएको जिम्मेवारी अनुसारका काम तोकिएको समयमा नै सम्पन्न गर्नु पर्ने हुन्छ। यसर्थ सवै कर्मचारीहरुले आगामी दिनमा न्यूनतम शर्त तथा कार्यसम्पादन मापनमा नगरपालिकालाई अब्बल गराउने गरी समयमा नै कार्य सम्पन्न गर्ने गराउने व्यवस्था गर्नु गराउनु हुन अनुरोध छ साथै सो सम्वन्धमा यस कार्यालयको वेवसाईटमा र Mofald को वेवसाईटमा कार्यविधिमा गई हेर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

वोधार्थ:-
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका व्यवस्थापन शाखा ख, सिंहदरबार, काठमाडौं ।
श्री जिल्ला विकास समितिको कार्यालय, महोत्तरी ।
श्री एकिकृत सेवा केन्द्र, बर्दिवास, महोत्तरी ।

७३।९।११
राम कुमार कार्की
कार्यकारी अधिकृत